# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौथो अधिवेशन

## (दोस्रो बैठक)

## कारवाहीको सम्पूर्ण विवरण

## मितिः २०७६/२/१७ गते दिनको ४.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको ४ बजेर २९ मिनेटमा प्रारम्भ भयो।

### माननीय सभामुख

माननीय सदस्यहरु आजको बैठक कारवाही प्रराम्भ हुन्छ।
सर्वप्रथम म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ्गलाई विनियोजित विधेयकको २०७६/२०७७ सिद्धान्त र प्राथमिकता प्रदेश सभा समक्षा प्रस्तुत गर्दछु।

### आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङ्ग

माननीय सभामुख महोदय, प्रदेश सरकारको आर्थिक वर्ष २०७६/२०७७ नीति तथा कार्यक्रममा र बजेट निर्माण क्रममा प्रदेश सभा नियमावली, २०७४ नियम १३३ को उपनियम (२) बमोजिम बिनियोजित विधेयक, २०७६ सिद्धान्त र प्राथमिकता यस गरिमामय प्रदेश सभा बैठकमा छलफल प्रस्तुत गर्न चाहन्छु। सरकार स्थापना भएको एक वर्ष भित्र सरकार सञ्चालनका लागि आवश्यक कानून तर्जुमा प्रबन्ध र कर्मचारी ब्यवस्थापन गरी सार्वजनिक सेवा सुचारु गरिएको छ। साथै चालु आर्थिक वर्ष २०७५/२०७६ बजेट कार्यक्रम पहिलो लक्षित विकास कार्यक्रम कार्यान्वयन भैरहेको छ। चालु आर्थिक वर्ष प्रादेशिक नीति, नियम तथा कानून तर्जुमा प्रशारण निर्माण आधार बर्षमा दिएको छ। आगामी आर्थिक बर्ष २०७६/२०७७ को बजेटलाई प्रशासनिक सत्र क्षमता विकास सार्वजनिकमा सुधार दिगो विकास कार्यक्रम तथा पूर्वाधार निर्माण केन्द्रित गरि संस्थागत गर्दै लगिने छ। संमृद्ध नेपाल

सुखी नेपालीको राष्ट्रिय सोच पूरा गर्ने दिगो शान्ति र सुशासन प्रवर्धन गर्दै आर्थिक सामाजिक रुपान्तरण गर्ने माध्यमबाट सबै प्रकारका असमानता पछ्यौटेपन र गरिबीको अन्त्य गर्दै सन्तुलित विकास चैत सम्वत् प्रदेश निर्माण गर्दैन प्रदेश सरकार दुरदर्शी संकल्पित रहेको छ। नेपाल सरकारबाट प्राप्त अनुदान र प्रदेश सरकार आन्तरिक स्रोतको समेत अधिकतम उपयोग गर्दै संविधान प्रदत्त प्रचलित कानून अभ्यास अनुरुप बजेट तथा कार्यक्रम तर्जुमा कार्यान्वयन अनुगमन लेखाङ्कन र लेखा परिक्षण प्रवन्ध मिलाई आर्थिक अनुशासन एवम् वित्तीय सुशासनमा जोड दिएको छ। मन्त्रालयका संरचना स्थापना नहुँदै चालु आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्दा कतिपय बजेट तथा कार्यक्रम विषयगत मन्त्रालयमा एकमुष्ट राख्नु पर्ने अवस्था रहेकोमा आगामी आर्थिक बजेट निर्माण गर्दा बजेट कार्यान्वयन गर्ने इकाई विनियोजित रकम क्रियाकलाप स्पष्ट तोकिएको बजेट तर्जुमा प्रणालीलाई पारदर्शी बनाउन जोडदिएको छ।नागरिकको सार्वभौम अधिकार समानुपातिक सहभागिता राजनैतिक पहुँच ब्यवस्थापन गर्ने प्रदेश सरकार एक महत्वपूर्ण तह हो। सार्वजनिक प्रशासन क्षेत्रमा प्रदेश सरकारका संगठित संरचना त्यसले प्रदान गरेका सेवाप्रवाह र विकास निर्माणका कार्यालय सरकार प्रति जनताको विश्वास बढाउने काम गरेको छ। यसबाट संघीयता कार्यान्वयनमा प्रदेश सरकारको भूमिका गतिशील र महत्वपूर्ण भनेको छ। सभामुख महोदय, नेपालको संविधानको मूलभूत सिद्धान्त मर्म भावना अनुसार यो विनियोजन विधेयकको सिद्धान्त प्राथमिकता तयार गरेको छ। यसको अतिरिक्त नेपाल सरकारको पन्ध्रौं पञ्च बर्षीय योजना आगामी आर्थिक बर्षको नीति कार्यक्रम र बजेट प्रदेश सरकारको दीर्घकालीन नीति, प्रथम पञ्चबर्षीय योजना मध्यमकालीन खर्च संरचना नेपाल सरकार पक्ष राष्ट्रको गरिएका अन्तरराष्ट्रिय सम्बन्धी सम्झौता र अन्तरराष्ट्रिय समुदायसँग गरिएका सहमति र प्रतिबद्धता, चालु आर्थिक बर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था समेतलाई मूलरुपमा आधारमा भनेको छु। अब विनियोजन विधेयकको सिद्धान्त प्रस्तुत गर्न चाहान्छु। संविधान प्रति मौलिक हक मानव अधिकार र कानूनी शासन मूल्य र मान्यतामा आधारित लैंङ्गिक समानता समानुपातिक समावेशी सहभागिता र सामाजिक न्यायको माध्यमबाट लोक कल्याणकारी राज्यविकास स्थापना गरियो। संघीयताको सिद्धान्तका आधारमा संघीय इकाईका विच सहकार्यता सह-स्तर सह-न्यायका आधारमा संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीलाई सुदृढ गर्ने सबै

प्रकारका विधेयक शासन अन्यको अन्त्य गरि सहअस्तित्वमा आधारित विभिन्न सामाजिक साँस्कृतिक मूल्य र मान्यता आपसी समझदारीलाई सम्मान गर्दै राज्यको सुदृढ साँस्कृतिक एकता तथा सभ्यता सहितको संकल्पमूलक समाज निर्माण गर्ने सार्वजनिक, नीजि, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गर्ने गरि समस्टिगत उच्च आर्थिक बृदिद्वारा दिगो र समावेशी आर्थिक विकास न्यायोचित वितरण मार्फत आर्थिक समानता कायम गर्दै समाजवाद उन्मुख संमृद्ध अर्थतन्त्रको विकास गर्ने जनताको सार्वभौम अधिकार सभ्यता सुशासन प्रत्यारुप गर्दै दिगो शान्ति सुशासन विकास र संमृद्धि आकंक्षालाई पूरा गर्न गणतन्त्र सार्वभौमिकता भौगलिक अखण्डता स्वतन्त्रता र स्वाभिमानलाई अटुट राख्न राष्ट्रहित लोकतन्त्र र अग्रगामी परिवर्तन आत्मसात गर्दै समस्त आर्थिक नीति, प्रदेश नीति, विकास निर्माणको आवश्यकता आधारभूत सेवा प्रवाह सहित स्थानीयतह सभ्यता र अधिकारलाई सुदृढ गर्दै क्षेत्रीय असन्तुलन तथा गरिबी र न्यूनिकरण तथा वञ्चितिकरण गर्न स्रोत साधन समान्य परिचालन गर्ने। सभामुख महोदय, अब म विनियोजन विधेयक प्राथमिकता प्रस्तुत गर्न चाहान्छु। बजेट तर्जुमा गर्दा नेपालको संविधानले परिकल्पना गरेको लोकतन्त्र कल्याणकारी राज्य व्यवस्था स्थापना गर्ने प्रदेश सरकारको मूल्य र मान्यता उद्देश्य रहनेछ। संघीय सरकारले घोषणा गरेका तथा प्रदेश सरकारले अंङ्गिकार गरेका लक्ष्य प्राप्तीका लागि बनेको प्राथमिकीकरण गरिने छ। राष्ट्रिय अर्थतन्त्रको विकासका निम्ति स्वदेशी लगानीलाई प्राथमिकता दिइने छ। पूर्वाधार विकास आय प्रतिस्थापन र निर्यात प्रवन्धनका लागि वैदेशिक पूँजी लगानी प्रविधि हस्तान्तरण र स्थानीय विकास समेत प्राथमिकतामा राखिने छ। संमृद्ध नेपाल निर्माणमा अधिकतम योगदान पुऱ्याउन संघ र स्थानीयतहसँग पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा समन्वयमा सहकार्य गरिने छ। नीजि, सहकारी र सामुदायिक क्षेत्रकासँग सहकार्य गर्दै वृहत संचालन, सरकारी कोष व्यवस्थापन लगानी प्रदान गर्ने, रोजगारीको अवसर सिर्जना गरी गरिबी निवारण वित्तीय संस्थाको पहुँच विस्तार सूचना तथा आधुनिक प्रविधिको प्रयोग, विकास र अनुसन्धानमा सहयोग पुग्ने गरी बजेट विनियोजित गर्न प्राथमिकता दिइनेछ। आर्थिक विकासका निम्ति उत्पादन तथा उत्पादकत्व बढाउन नीजि, सहकारी र सामुदायिक क्षेत्रलाई प्रोत्साहित गर्दै औद्योगिकिकरण गर्न प्रतिफल एवम लगानीमैत्री वातावरणका लागि नीतिगत निर्णय, सुमधुर सम्बन्ध स्थापित

गरी भौतिक पूर्वधार, उर्जा विकासमा बजेट विनियोजनको प्राथमिकिकरण गरिने छ। सार्वजनिक प्रशासनलाई सक्षम पारदर्शी र उत्तरदायी बनाइने छ। प्रदेश सरकारको काम कार्यसूचिमा परेका कानून तर्जुमा गर्न भू-बनोट, जनसंख्याकिक संरचना प्राकृतिक स्रोतको उपलब्धता आधारमा स्थायी संगठन संरचना निर्माण गर्न कर्मचारी उत्प्रेरणा मनोबल वढाउन कार्य वातावरण सुधार गर्न सेवा प्रवाहलाई प्रविधिमैत्री, पारर्दशी र जवाफदेही बनाउन बजेट विनियोजनमा प्राथमिकता दिइनेछ। प्रदेश लोक सेवा आयोग, प्रदेश प्रहरी र प्रदेश अनुसन्धान ब्युरो गठन र संरचना निर्माणका साथै शान्ति सुरक्षाका कार्यक्रमलाई प्राथमिकता दिइने छ। आगामी आर्थिक बर्ष बजेट तथा कार्यक्रम तर्जुमा गर्दा महिला, दलित, पिछडिएका क्षेत्र सिमान्तकृत, अति विपन्न, अल्पसंख्यक, असहाय वृद्ध, अपाङ्गता भएका व्यक्ति घर समाजबाट बहिस्कृत, हिंसापिडित तथा जोखिमयुक्त अवस्थामा रहेको व्यक्ति समुदायबाट वर्गका लागि महत्वपूर्ण कुराहरु उठाउनका लागि सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिइने छ। बालबालिकाको सर्वहित ध्यान दिंदै बालश्रम उन्मूलन तथा सडक बालबालिकाको पूर्ण स्थापना तथा विद्यालय भर्ना कार्यक्रमलाई निरन्तरता दिइने छ। पर्यटन क्षेत्रलाई प्रदेशको संमृद्धिको मुख्य आधारका रुपमा लिइने छ। सन् २०१९ लाई आन्तरिक पर्यटन वर्ष सन् २०२० लाई छिमेकी राष्ट्र पर्यटन वर्ष र सन् २०२२ लाई अन्तरराष्ट्रिय पर्यटन वर्षको रुपमा मनाउन पर्यटनको पूर्वधारलाई विकास र विचार गरिने छ। निजि क्षेत्रसँग सहकार्य गर्दै पर्यटन पूर्वाधार विकासमा जोड दिइनेछ। मुस्ताङ, गोरखाको चुमनुग्री, मनाङ र वाग्लुङ ढोरपाटन क्षेत्रको पर्यटन विकासमा प्राथमिकता दिइने छ। प्राकृतिक, साँस्कृतिक र साहसिक पर्यटनको माध्यम बाट स्थानीय पर्यटन आकर्षण गर्न कार्यक्रमलाई प्राथमिकतामा राखिने छ। पेट्रोलियम पदार्थ प्रयोगलाई प्रतिस्थापन गर्न जलविद्युत तथा वैकल्पिक उर्जा उत्पादन उपभोग बढाउन जोड दिइने छ। उज्यालो प्रदेश बनाउन सरकारको प्रतिबद्धतालाई पूरा गर्न सार्वजनिक, नीजि, सहकारी र सामुदायिक क्षेत्रको सहलगानिमा उर्जाको उत्पादन, वितरण र व्यवस्थापनमा जोड दिइनेछ। बहुउद्देश्यीय जलविद्युत आयोजना निर्माणलाई प्राथमिकता दिइने छ। चक्लाबन्दी तथा सामूहिक सहकारी कृषि प्रणालीलाई प्राथमिकता दिइने छ। कृषि बालि फलफूल तथा पशुपंक्षी अनुदानका कार्यक्रमलाई जोड दिइने छ। उन्नत जातका विउ विजनको प्रयोग र उन्नत नस्लका पशुपंक्षी पालनलाई प्राथमिकता दिइने छ। समग्रमा कृषि क्षेत्रमा कार्यक्रम

संचालन गरिने छ। मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि कार्यक्रमलाई निरन्तरता दिइने छ। एकीकृत वस्ती विकास, आधुनिक शहर, उपशहर, सेटेलाईट सिटि निर्माणका लागि प्राथमिकता दिइने छ। प्रदेश स्थित विशिष्टकृत अस्पताल, प्रदेश सभा भवन तथा प्रशासनिक भवन, गण्डकी तालिम प्रतिष्ठान गण्डकी विश्वविद्यालय तथा प्राविधिक महाविद्यालय स्थापना र सहरी तथा ग्रामीण क्षेत्रको भौतिक पूर्वाधार विकासलाई प्राथमिकता दिइने छ र आवश्यकता अनुसार बहुबर्ष आयोजनाको रुपमा समेत संचालन गरिने छ। पूर्वाधार विकासका ठूला आयोजना संचालन गर्न संघीय सरकारसम्म समन्वय गर्ने सहकार्य गर्नेछ। प्रदेश गौरवका आयोजना तथा प्रदेश स्थित लोकमार्गहरु कोरोला-पोखरा-भिमाद-त्रिवेणी र शालिग्राम तथा साँस्कृतिक करिडर स्थानीय तह, केन्द्रबाट प्रदेश राजधानी जोडने सडक, स्थानीय तह केन्द्रबाट केन्द्र र जिल्लाकेन्द्र जोडने आर्थिक तथा रणनितिक महत्वका सडक तथा अन्य निर्माणाधीन सडक सम्पन्न गर्ने प्राथमिकता दिइने छ। पोखरा उपत्यका वृहत चक्रपथ, ताल संरचना द्रुतमार्गको सम्भाब्यता अध्ययन लगायतका पूर्वधार विकास क्रमागत आयोजना सम्पन्न गर्न जोड दिइने छ। स्थानीय तहका सेवा प्रवाहलाई सहज नीति नियम र प्रवाहकारी बनाउन सहयोग पुऱ्याउने गरि जग्गा व्यवस्था भएको, प्रशासनिक भवन नभएको स्थानीय तहका भवन निर्माणमा अनुसन्धान उपलब्ध गराइने छ। सबै घरधुरीमा आधारभूत खानेपानी सुविधा पुऱ्याउने लक्ष्यलाई कार्यान्वयन स्थानीयतहसँग समन्वय गरी आवश्यक स्रोत परिचालनलाई प्राथमिकता दिइने छ। स्वच्छ खानेपानी उपलब्ध गराउने कार्यक्रमलाई विशेष जोड दिइने छ। उद्योग क्षेत्रलाई प्रबन्धन गर्न औधोगिक क्षेत्रलाई विशेष आर्थिक स्थापना गर्दै आयात प्रस्थापन तथा निर्यात प्रवन्धन गर्ने बस्तु उत्पादन प्रशोधन प्रवर्द्धनिकरण बजारीकरणलाई विशेष जोड दिइने छ। आय प्रतिष्ठान गर्ने एसेम्वल उद्योग तथा आधारभूत सेवालाई प्राथमिकता दिइने छ। वैज्ञानिक वन व्यवस्था माध्यमबाट जैविक विविध तथा संरक्षण संवर्द्धन उपयोग गरिन्छ। एकीकृत जलाधार संरक्षण, पहिरो नियन्त्रण, भू-क्षय न्यूनिकरण, तटबन्ध निर्माण वनस्पति उद्यान तथा जलवायु अनुकुलन जस्ता कार्यक्रमलाई जोड दिइने छ। प्राकृतिक प्रकोपको जोखिम न्यूनिकरण उद्धार राहत विपत कार्यक्रमलाई प्राथमिकता दिइने छ। प्रणाली उद्योग स्थापना तथा निर्माण कार्यलाई प्राथमिकता साथ निरन्तरता दिइने छ। काली गण्डकी बुढी गण्डकी, सेति, मादी, मर्स्याङ्गदी र त्रिशुली लगायत प्रदेश भएर बग्ने सबै नदी नालीको

प्राकृतिक स्रोतको तथा प्राकृतिक प्रणालीमा असर पर्ने कुनै पनि आयोजना मान्यता दिइने छैन र त्यति अधिकारलाई संरक्षण गर्दै बनाइने जलवायु अनुकूलन एकीकृत विकासका आयोजनालाई मात्र प्राथमिकता राखिने छ। स्थानीय तहसँग समन्वय गरि दहत्तर बहत्तर ढुङगा, गिट्टी, बालुवा, चुनढुङगा, खरीढुङगा, स्लेट उद्योग, क्रसर उद्योग तथा इट्टा भट्टालाई कडाईका साथ नियमन गरि व्यवस्थित गर्न जोड दिइने छ। साथै नेपाल सरकार तथा स्थानियतहसँग समन्वय सहकार्य गरी प्रदेश भित्रका खानी तथा खनिज पदार्थ जस्ता आवश्यक उत्खनन् कार्यक्रमलाई प्राथमिकता दिइने छ। दिगो विकासका लक्ष्यहरु हासिल हुने गरि शिक्षा, स्वास्थ्य, यातायात सेवा, सञ्चार सेवा वित्तीय सेवा तथा खानेपानी, सरसफाई जस्ता आधारभूत सेवामा पहुँच बढाउने कार्यक्रमलाई जोड दिइने छ। प्रदेश विश्वविद्यालय र प्राविधिक महाविद्यालय स्थापना गरि प्राविधिक व्यवसायिक तथा अनुशासनमूलक शिक्षा विकास कार्यक्रमलाई प्राथमिकता दिइने छ। विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण, उत्पादन, परिक्षा व्यवस्थापन, शिक्षा व्यवस्थापन, मापदण्ड निर्धारण र नियमन गर्ने कार्यक्रमलाई विशेष प्राथमिकता दिइने छ। प्रदेश स्थित खेलकुद प्रतिष्ठान स्थापना तथा बहुउद्देश्यिय रंगशाला, अन्तरराष्ट्रिय स्तरको क्रिकेट मैदान, गल्फकोर्स, अन्य इन्सटिटयूट, ट्रेनिङ सेन्टरको निर्माण लगायत खेलाडीको प्रशिक्षण प्रतियोगिता र सम्मान कार्यक्रमलाई प्राथमिकता दिइने छ। भाषा साहित्य, कला संगित, साँस्कृतिक संरक्षण र विकास गर्न गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना र बहुसाँस्कृतिक ग्राम निर्माणलाई प्राथमिकता दिइने छ। पुरातात्विक महत्वको ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाको संरक्षण संवर्द्धन र विकासको साथै खोज अनुसन्धान कार्यक्रमलाई प्राथमिकता दिइने छ। प्रेस स्वतन्त्रता तथा आम संन्चारलाई सम्मान गर्दै आमसञ्चार माध्यमलाई स्वायत्त, मर्यादित, जिम्मेवार र व्यवसायिक रुपमा विकास कार्यक्रमलाई प्राथमिकता दिइने छ। करको दायरालाई फराकिलो बनाउने सबै प्रकारका आर्थिक अनिमियताको अन्त्य गर्ने वित्तीय अनुशासनमा जोड दिइने छ। ब्यापारी अनुशासन कायम गर्न नागरिक सहभागिता आधारमा अनुगमन परपाटीलाई सुदृढ गर्ने र उपभोक्ताहित संरक्षण कार्यक्रमलाई प्राथमिकता दिइने छ। प्रदेश समन्वय पारित माध्यमबाट प्रदेश सरकार स्थानिय तह बिच विकास योजना सन्चालन राजश्व परिचालन र सार्वजनिक प्रवाहमा नियन्त्रण समन्वय र सहकार्य गरिने छ। विकास आयोजना तथा कार्यक्रम छनौट र कार्यान्वयन

अनुगमन प्रदेश सभाका माननीय सदस्यज्यूहरुको भूमिकालाई प्रभावकारी बनाउन जोड दिइने छ। माननीय सदस्यज्यूहरु आयोजना सहभागिता बढाउन र साधन तथा स्रोतको सन्तुलनबाट सामाजिक, भौतिक प्रविधिबाट संचारका पूर्वाधार निर्माणमा सहयोग पुऱ्याउन निर्वाचन क्षेत्र पूर्वाधारका पूर्वाधार कार्यक्रम सन्चालन गरिने छ। साथै जिल्ला समन्वय समिति अनुगमन कार्यलाई प्रभावकारी गरिने छ। माननीय सभामुख महोदय, नेपाल सरकारको दिर्घकालीन सोच, पन्धौं पञ्च वर्षीय आवधिक योजना अन्तरराष्ट्रिय प्रतिबद्धता साथै प्रदेश सरकारको दिर्घकालीन नीति तथा प्रथम पञ्चवर्षीय योजना परिलक्षित गरेका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आगामी आर्थिक वर्षको बजेटले समग्र आर्थिक विकास आधार शिला निर्माण गर्ने विश्वास लिएका छौं। सरकारका स्थिर नीति र तीन तहका परिपूरक विकास कार्यक्रम मध्यमबाट समग्र लगानीको वातावरण सुधार हुन जानेछ। जसबाट नीजि, सहकारी र सामुदायिकको पूँजी लगानीवृद्धि हुने गए मर्यादित रोजगारीको अवसर सिर्जना हुने विश्वास लिएको छु। प्रदेश सरकारको अनुसन्धान तथा सहलगानीमा स्थानीय तहबाट सञ्चालन गरिने छ। यसरी समावेश गरिएका विकास आयोजना समयमै कार्यन्वयन हुन गई प्रभावकारी एवम् नतिजामूलक परिणाम प्राप्त हुने विश्वास लिएको छु। संविधानको भावना अनुरुप तीन तहको सरकारले सञ्चालन आयोजना वर्गीकरण परिमार्जन भई आगामी आर्थिक बर्षदेखि खर्च प्रणाली विनियोजन दक्षता र सञ्चालन कुशलता अभिवृद्धि गर्ने विश्वास लिएको छु। संघ, प्रदेश, स्थानीय तहले समन्वय र सहकारी आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गरी एकिकृत ढाँचा लैजाँदा समावेशी विकास हुने, रोजगारीका अवसर वृद्धि हुने, उद्यमशीलताको विकास हुने, सार्वजनिक नीति, सहकारी, स्थानीय पूर्वाधार हुने र आर्थिक विकास तथा सुशासन अभिवृद्धि हुने कुरामा म माननीय सदस्यहरुलाई आश्वासन गर्न चाहन्छु। प्रस्तुत सिद्धान्त र प्राथमिकता साथै विषयमा छलफल गरी माननीय सदस्यज्यूहरुवाट रचनात्मक सुझाव प्राप्त हुने अपक्षा लिएको छु।माननीय सदस्यज्यूवाट प्राप्त सुझावलाई आगामी आर्थिक बर्ष २०७६/७७ बजेटमा समेटिने तथा कार्यक्रम तर्जुमा गर्दा मार्गदर्शनको रुपमा ग्रहण गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु अब यो वैठक २०७६ साल जेष्ठ १९ गते दिनको १.०० बजे सम्मका लागि स्थगित हुन्छ।